# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

२०८१ श्रावण १ देखि २०८१ पौष १५ असारसम्म

## सम्पादित प्रमुख क्रियाकलापहरूको विवरण

बागमती प्रदेश सरकार

## उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय

हेटौंडा, मकवानपुर ।

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

अधिकृत सातौं

महाशाखा प्रमुख

**कार्यालयको नामः उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, हेटौंडा बागमती प्रदेश ,**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित विवरण

**अवधिः २०८१ श्रावण १ देखि पौष १५ सम्म**

**१. निकायको स्वरुप र प्रकृति**

नेपालको संविधानको भाग १३ मा प्रदेश कार्यपालिकाको व्यवस्था भएको र सोही संवैधानिक व्यवस्था बमोजिम बागमती प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०८०।०५।०५ को निर्णयबाट उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको स्थापना भएको हो। यस मन्त्रालयको प्रमुख कार्यक्षेत्रमा प्रदेश भित्रको उद्योग, कलकारखाना, खानी खनिज, व्यापार तथा वाणिज्य, मानव संशाधन योजना, तालिम नीति एवम् भूमि व्यवस्थापन आदिको नीतिगत एवम् अन्य व्यवस्था आदि पर्दछन्।

**२. निकायको कामकर्तव्य र अधिकार ,**

बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० बमोजिम यस मन्त्रालयको कार्य जिम्मेवारी देहाय अनुसारको रहेको छ।

१. व्यापार/वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण
२. प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन
३. ढुवानी/ परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन
४. नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता
५. व्यापारिक फर्महरुको दर्ता, नवीकरण, खारेजी र नियमन
६. खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवम् पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत, संकलन, अभिलेखाङ्कन, अन्वेषण र व्यवस्थापन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र संघसँग समन्वय
७. भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी
८. कलकारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन
९. उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन
१०. प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार
११. औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन

१२. सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन

१३. उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन एवम् सो सम्बन्धमा संघ र स्थानीय तहसँग समन्वय

१४. मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण नियमन र सो सम्बन्धमा संघ र स्थानीय तहसँग समन्वय

१५. संघीय मापदण्ड अनुसार स्ट्याण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन

१६. उपभोक्ता अदालत गठन र सञ्चालन

१७. अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था मौज्दातको व्यवस्था र आपूर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहबीच समन्वय

१८. लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान नियमन

१९. करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन

२०. संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन

२१. दामासाहीमा परेका उद्योग, व्यवसायीका कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन

२२. प्रदेशस्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन

२३. प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन

२४. प्रदेशभित्रका उद्योगहरु र साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन

२५. औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन

२६. उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग

२७. स्वरोजगारको लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन

२८. टाट पल्टेको र दामासाही सम्बन्धि

२९. प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन

३०. प्रदेशस्तरीय तालीम नीति तथा मापदण्ड निर्धारण र स्तरीयकरण

३१. औद्योगिक प्रतिष्ठानहरु सञ्चालन, व्यवस्थापन तथा संघीय सरकारसँगको समन्वयमा अनुगमन तथा नियमन

३२. भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू- उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानन तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन

३३. निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन



अधिकृत सातौं

महाशाखा प्रमुख

३४. जग्गादर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पुर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन

३५. संघीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन

३६. नाप नक्साका नियन्त्रण विन्दुहरुको सञ्जाल स्थापना

३७. क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन

३८. भूमिहीन सुकुम्बासी, दलित, मुक्त कमैया, हलिया, हरुवा चरुवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनर्स्थापना सम्बन्धी प्रादेशिक नीति, कानून मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन


३९. सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन

४०. सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन

४१. गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र संघीय तथा स्थानीय तहसँग समन्वय

## ३. निकायमा रहने कर्मचारीको संगठन संरचना

३.१ स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार यस कार्यालयको संगठन संरचना यस प्रकार रहेको छ।






बागमती प्रदेश सरकार उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय हेटौंडा, नेपाल

महाशाखा प्रमुख

३.२ मन्त्रालयको स्वीकृत दरवन्दी तेरिज देहायबमोजिम रहेको छ ।

| उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय,हेटौडा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| दरबन्दी तेरीज | | | | | | | | | |
| | | | तह | प्रस्तावित दरबन्दी | | | | | |
| क.सं. | पद | सेवा/समुह | | मौजुदा स्विकृत दरबन्दी | थप आ.व. मा स्विकृत अस्थायी दरबन्दी | हालको स्विकृत दरबन्दीमा घट | हालको स्वीकृत दरबन्दीमा थप | कायम दरबन्दी | प्रस्तावित अस्थायी |
| १ | प्रदेश सचिव | प्रशासन/सा.प्र. | अधिकृतस्तर एघारौं | १ | | ० | ० | १ | |
| २ | महाशाखा प्रमुख | प्रशासन/सा.प्र. | अधिकृतस्तर नवौं/दशौं | २ | | ० | ० | २ | |
| ३ | महाशाखा प्रमुख | ईन्जिनियर/सर्भे | अधिकृतस्तर नवौं/दशौं | १ | | ० | ० | १ | |
| ४ | अधिकृत | प्रशासन/सा.प्र. | अधिकृतस्तर सातौं/आठौं | ७ | | ० | ० | ७ | |
| ५ | कम्प्युटर इन्जिनियर | इन्जि | अधिकृतस्तर सातौं/आठौं | १ | | ० | ० | १ | |
| ६ | वन अधिकृत | वन/जनरल फरेष्ट्री | अधिकृतस्तर सातौं/आठौं | १ | | ० | ० | १ | |
| ७ | लेखा अधिकृत | प्रशासन/लेखा | अधिकृतस्तर सातौं/आठौं | १ | | ० | ० | १ | |
| ८ | कानुन अधिकृत | न्याय/कानून | रा.प.तृतीय | १ | | ० | ० | १ | |
| ९ | तथ्याङ्क अधिकृत | विविध/प्रशासन | अधिकृतस्तर सातौं/आठौं | ० | | ० | १ | १ | |
| १० | नापी अधिकृत | इन्जी/सर्भे | अधिकृतस्तर सातौं/आठौं | २ | | ० | ० | २ | |
| ११ | मेकानिकल ईन्जिनियर | इन्जि/मेकानिकल | अधिकृतस्तर सातौं/आठौं | ० | ० | ० | ० | ० | १ |
| १२ | भू-गर्भ विद | प्राविधिक | अधिकृतस्तर सातौं/आठौं | ० | | ० | १ | १ | |
| १३ | सर्भेयर | इन्जी/सर्भे | सहायक पाँचौं/अधिकृतस्तर छैठौं | २ | | ० | ० | २ | |
| १४ | सहायक/अधिकृत | प्रशासन/सा.प्र. | सहायक पाँचौं/अधिकृतस्तर छैठौं. | ८ | | ० | ० | ८ | |
| १५ | तथ्याङ्क सहायक | तथ्याङ्क | सहायक पाँचौं/अधिकृतस्तर छैठौं | १ | | ० | ० | १ | |
| १६ | लेखापाल | प्र/लेखा | सहायक चौथो/पाँचौं | १ | | ० | ० | १ | |
| १७ | कम्प्युटर अपरेटर | विविध | सहायक चौथो/पाँचौं | २ | | ० | ० | २ | |
| १८ | कार्यालय सहयोगी | प्रशासन/सा.प्र. | श्रेणी विहिन | ६ | | ० | ० | ६ | |
| १९ | हलुका सवारी चालक | इन्जी/मेकानिकल | श्रेणी विहिन | ४ | | ० | ० | ४ | |
| | | | जम्मा | ४१ | ० | ० | २ | ४३ | १ |

## ४. निकायबाट प्रदान गरिने सेवा

बागमती प्रदेश सरकार ले तोकेको कार्यक्षेत्रभित्रका नीतिगत र २080 ,नियमावली (कार्यविभाजन)कार्यात्मक निर्णयहरु तथा मातहतका कार्यालयहरुबाट सेवा प्रवाहजन्य कार्यहरु ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

बागमती प्रदेश सरकार ले तोकेको कार्यक्षेत्रभित्रका सेवाहरु स्वीकृत सङ्गठन २080 ,नियमावली (कार्यविभाजन) तथा व्यवस्थापन सर्भेक्षण अनुसारका पदस्थापना वा जिम्मेवारी तोकिएकाअधिकारीहरुबाट प्रचलित नियम बमोजिम प्रवाह हुने गरेको छ ।

| सि.नं. | कर्मचारीहरुको नाम | पद | महाशाखाशाखा/ |
|---|---|---|---|
| १ | श्री राजेन्द्र कुमार के.सी. | प्रदेश सचिव | – |
| २ | श्री सुनिता गजुरेल | महाशाखा प्रमुख/ अधिकृतस्तर नवौं | प्रशासन तथा योजना महाशाखा |
| ३ | श्री महेशराज पौडेल | महाशाखा प्रमुख /अधिकृतस्तर नवौं | उद्योग तथा वाणिज्य महाशाखा |
| ४ | श्री महेशराज पौडेल | महाशाखा प्रमुख /अधिकृतस्तर नवौं | भूमि व्यवस्थापन तथा नक्शाङ्कन महाशाखा |
| ५ | श्री नवराज थापा | वन अधिकृत /अधिकृतस्तर आठौं | वातावरण शाखा |

| सि.नं. | कर्मचारीहरुको नाम | पद | महाशाखाशाखा/ |
|---|---|---|---|
| ६ | श्री सरस्वती पौडेल | लेखा अधिकृत | आर्थिक प्रशासन शाखा |
| ७ | श्री दिवाकर सोती | अधिकृत /अधिकृतस्तर सातौं | कर्मचारी प्रशासन शाखा |
| ८ | श्री चोलाकान्त शर्मा | अधिकृत /अधिकृतस्तर सातौं | उद्योग शाखा |
| ९ | श्री मनोज कुमार गुप्ता | कानून अधिकृत | कानून तथा फैसला कार्यान्वयन शाखा |
| १० | श्री हरि प्रसाद भट्ट | नापी अधिकृत/अधिकृतस्तर सातौं | भूमि शाखा |
| ११ | श्री अंगद लामिछाने | नापी अधिकृत/अधिकृतस्तर सातौं | भू सूचना प्रविधि शाखा/ उद्योग शाखा |
| १२ | श्री लक्ष्मी हुमागाईं | अधिकृत /अधिकृतस्तर छैठौं | प्रशासन शाखा/ सचिवज्यूको सचिवालय |
| १३ | श्री ध्रुब अर्याल | सर्भेयर/ सहायक पाँचौं | भूमि शाखा |
| १४ | श्री निशा दाहाल | लेखापाल | आर्थिक प्रशासन शाखा |
| १५ | श्री सन्तोषी तिवारी | क.अ. | कर्मचारी प्रशासन शाखा |
| १६ | श्री रविन्द्र भट्टराई | क.अ. | उद्योग महाशाखा |
| १७ | श्री महेन्द्र बहादुर क्षेत्री | का.स | दर्ता चलानी शाखा |
| १८ | विजय पौडेल | ह.चा.स. | |
| १९ | दल बहादुर स्याङ्तान | ह.चा.स. | |
| २० | सुमित श्रेष्ठ | ह.चा.स. | |
| २१ | दिपेन्द्र श्रेत्री | ह.चा.स. | |
| २२ | मनोज उपाध्याय | का.स. | |
| २३ | रिता देवी पन्त | का.स. | |
| २४ | संजीव लामा गोले | का.स. | |
| २५ | अनिसा ओझा | का.स. | |
| २६ | चमेली बिष्ट | का.स. | |

### ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

प्रचलित नियम अनुसार ।

### ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

माननीय मन्त्रीप्रचलित नियमानुसार निर्णय गर्ने प्रदेश सचिव तथा अधिकार प्रत्यायोजन भएका अधिकारीहरुबाट , व्यवस्था छ ।

### ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

यस कार्यालयमा विभिन्न शाखा/महाशाखाहरूबाट गरिएका निर्णयहरु उपर मन्त्रालयका प्रदेश सचिवज्यूसमक्ष उजुरी वा गुनासो राख्न सकिनेछ ।

### ९. सम्पादन गरेका कामको विवरण

बागमती प्रदेश सरकार, ...भूमि तथा प्रशासन मन्त्रालय, हेटौंडा, नेपाल

अधिकृत सातौं

महाशाखा प्रमुख

- “प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” लाई प्रदेश सभाबाट पारित गरिएको छ, प्रदेश राजपत्रमा प्रकाशन भए पश्चात उक्त विधेयकको कार्यान्वयन सुरु हुनेछ । साथै हस्तकलाग्राम नियमावलीको मस्यौदाका निमित्त हस्तकलामहासघं सँग सहकार्य गरेर नीति संवाद आयोजनाको तयारी भईरहेको।
- “प्रदेश औद्योगिक व्यवसाय ऐन” तथा “प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन” को विधेयक तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालय र आन्तरिक मामिला तथा योजना मन्त्रालयबाट राय सहमति प्राप्त गरी मन्त्रिपरिषद्मा पेश गरी विषयगत समितिमा छलफल चलिरहेको छ ।
- प्रदेश सभाबाट पारित आर्थिक वर्ष २०८१।०८२ को वार्षिक बजेटमा यस मन्त्रालय र मातहतकका कार्यालयहरुबाट सञ्चालन हुने गरी स्वीकृत भएका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न “वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधी” स्वीकृत गरी कार्यान्वयन प्रारम्भ भएको छ ।
- उद्यमी व्यवसायीहरुलाई प्रोत्साहन गरी लगानीमैत्री वातावरण तयार गरी निर्यातजन्य उत्पादन अभिवृद्धि गरी उनीहरुको सिप संरक्षण गरी उद्यमीहरुको लागत साझेदारीमा प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गर्न विद्यमान “प्रविधि हस्तान्तरण सम्बन्धी कार्यविधि, २०७९” मा समसामयिक संशोधनको प्रक्रियामा मन्त्रिपरिषद्मा प्रस्ताव दर्ता गराईएको छ ।
- लघु, घरेलु तथा साना उद्योगको विकास विस्तार एवम् प्रवर्द्धन गर्ने उद्देश्य अनुरुप मन्त्रालय तथा मातहतका कार्यालयहरुबाट स्थानीय स्तरमा नै स्वरोजगारी तथा रोजगारी सिर्जना गर्ने नीति अनुसार विभिन्न विषयमा सीप तथा उद्यमशीलता विकास सम्बन्धी तालिम सञ्चालन गर्न “तालिम सञ्चालन सम्बन्धी कार्यविधि” को मस्यौदा तयार गरि मन्त्रिपरिषद् मा दर्ता गराईएको छ ।
- संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को प्रावधान बमोजिम संघीय सरकारका विषयगत मन्त्रालयहरु उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयद्धारा आयोजित विषयगत समितिका बैठकहरुमा प्रदेश सरकारका अधिकार तथा कार्य जिम्मेवारीहरुका सम्बन्धमा एजेण्डा प्रस्तुत गरिएको छ ।
- गण्डकी प्रदेशको अनुभवको आधारमा चाक्लाबन्दीको सम्भाव्यता अध्ययन र कार्यविधि निर्माणको प्रक्रिया सुरु हुने चरणमा रहेको छ। सोको लागि स्थलगत अवलोकन तथा भर्चुअल बैठकहरु संचालित भएका छन्। एवं सिन्धुली जिल्लाको संभावित स्थानको अनुगमन समेत गरिएको छ ।
- प्रदेश औद्योगिक नीति, वाणिज्य नीति, खानी अन्वेषण र व्यवस्थापन सम्बन्धी नीति, मानव संशाधन विकास नीति, भूमि व्यवस्थापन नीति, गुठी व्यवस्थापन तथा संरक्षण लगायतका नीतिहरु तर्जुमा गर्न अवधारणापत्र तयार हुने अवस्थामा छ।
- प्रदेश लगानी बोर्ड स्थापना, भूमि बैंक स्थापना लगायतका कार्यहरु अगाडी बढाउन नीतिगत आधार तयार हुँदै गरेको छ ।



अधिकृत सातौं


महाशाखा प्रमुख

- प्रदेश भूउपयोग परिषद्को गठन आदेश राय सहमतीको लागि आर्थिक मामिला तथा योजना मन्त्रालय पठाईएको छ ।
- उद्योग दिवसको अवसर पारेर "नव प्रवर्तन उद्यमी सम्मान मापदण्ड, २०८१" बमोजिम प्रदेशभरबाट १ सर्वोकृष्ट गरी प्रत्येक जिल्लाबाट १ उद्योगी सम्मान गरि कुल १४ उद्यमी लाई केहि नगद पुरस्कार सहित सम्मान गरिएको छ।
- बागमती प्रदेशका १३ वटै जिल्लाका आ-आफ्ना जिल्लामा उत्पादित र त्यहाँको मौलिक चिनारी दिन सक्ने उत्पादन सामाग्रीको जानकारी हुने गरी मन्त्रालय परिसरमा प्रदर्शनी सोकेश माननीय मुख्यमन्त्रीज्यूबाट उद्घाटन समेत गरीएको छ।
- मन्त्रालयको समन्वय र लगानीमा नापी कार्यालय मकवानपुरको प्राङगणमा नयाँ नापी कार्यक्रम झल्कने गरी सर्भे पार्कको काम सम्पन्न भएको छ ।
- उद्यमी व्यवसायीहरुलाई प्रोत्साहन गरी लगानीमैत्री वातावरण तयार गरी निर्यातजन्य उत्पादन अभिवृद्धि गरी उनीहरुको सिप संरक्षण गरी पचास प्रतिशतको लागत साझेदारीमा प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गर्न चालु आर्थिक वर्ष २०८०।०८१ का लागि विनियोजित कार्यक्रमहरूको कार्यान्वयन सम्बन्धित जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालयहरु र उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयबाट कार्यान्वयन प्रारम्भ गरिएको छ । प्राय सबै कार्यालयहरुबाट सूचना प्रकाशित भएको तथापी कार्यविधि स्वीकृतीको चरणमा रहेकोले मूल्याङ्कन भने नभएको।
- चालु आर्थिक वर्ष २०८१।०८२ मा यस मन्त्रालय मातहतका निर्देशनालय, १३ वटै जिल्लाका उद्योग तथा वाणिज्य कार्यालयहरुबाट हालसम्म करिब २१५६ औद्योगिक तथा व्यापारिक फर्महरु दर्ता भएको छ।
- प्रदेशको उद्योग तथा लगानी प्रवर्द्धन समितिको बैठकले अनुसूची-१ बमोजिमको सहमति लिनुपर्ने २ वटा उद्योगहरुलाई सहमति दिइएकोछ ।
- नीति कार्यक्रममा तय भए अनुसार चितवन जिल्ला कार्यालयलाई नमुना कार्यालयको रुपमा विकास गर्ने प्रयास स्वरुप पौष ८ गते एकिकृत सेवा केन्द्रको उद्घाटन गरी सेवा सूरु गरिएको छ।


अधिकृत सातौं

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

महाशाखा प्रमुख




- उद्योग दर्ता विवरण




-

१०. सम्पन्न भएको छ ।

अधिकृत सातौं

महाशाखा प्रमुख

११. कार्यालय प्रमुख (प्रदेश सचिव) को नामः श्री राजेन्द्र कुमार के.सी.

१२. प्रवक्ताको नामः श्री सुनिता गजुरेल

१३. सूचना अधिकारीको नाम र पदः श्री दिवाकर सोती (अधिकृतस्तर सातौं)/
सम्पर्क नं: ९८५५०३१२६४

१४. कार्यालयको **Website:** https://moicla.bagamati.gov.np/

१५. मन्त्रालयको सम्पर्क नं .०५७५-९०२६४,

- इमेल : moiclrbagamati@gmail.com , moicla@bagamati.gov.np

१६. ऐनविनियम वा निर्देशिकाको सूची ,नियम ,

यस अवधिमा जारी भएका नयाँ कानुनहरुको सूची यस प्रकार छ ।

- प्रदेशस्तरिय संयुक्त बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका, २०८०
- मेला, महोत्सव, प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८०

१७. आम्दानीखर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण ,

यस कार्यालयले आर्थिक वर्ष २०८१/८२ मा मन्त्रालय तथा मातहतका कार्यालयहरुबाट भएको खर्चको विवरण यस प्रकार रहेको छ ।

श सरकार

ट उपशीर्षक अनुसार बजेट र खर्च को सारांश

र्थेक वर्ष २०८१/८२ (महिना देखि : श्रावण महिना सम्म : पौष) (रु.हजार

| स. | बजेट कोड | बजेट उपशीर्षक | बजेट | | | | खर्च | | | | खर्च प्रति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | वित्तीय | जम्मा | चालु | पुँजीगत | वित्तीय | जम्मा | चालु |
| | ३०७०००११ | उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय | ४०१६४ | २४१६० | ० | ६४३२४ | ११३६९ | १६८ | ० | ११५३७ | २८.३१ |
| त जम्मा | | | ४०१६४ | २४१६० | ० | ६४३२४ | ११३६९ | १६८ | ० | ११५३७ | २८.३१ |
| | ३०७०१०११ | उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | २२४७५ | ४३४०० | ० | ६५८७५ | ४२६२ | ३६८१ | ० | ७९४३ | १८.९६ |
| त जम्मा | | | २२४७५ | ४३४०० | ० | ६५८७५ | ४२६२ | ३६८१ | ० | ७९४३ | १८.९६ |
| | ३०७०१०१३ | उद्योग तथा वाणिज्य कार्यालयहरु | १३६२०३.९१७ | ३६६३५ | ० | १७२८३८.९१७ | ३५९२५ | १५०१० | ० | ५०९३५ | २६.३ |
| त जम्मा | | | १३६२०३.९१७ | ३६६३५ | ० | १७२८३८.९१७ | ३५९२५ | १५०१० | ० | ५०९३५ | २६.३ |

अधिकृत सातौं

महाशाखा प्रमुख

प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
नेपाल

१८. मन्त्रालय तथा मातहतका निकायहरुबाट संकलित राजश्वको विवरणः

(रकम रु. हजारमा)

| जिल्ला | उद्योग प्रशासन |
|---|---|
| सिन्धुली | ७१२९०० |
| रामेछाप | ३३९७०० |
| दोलखा | ४३९९०० |
| सिन्धुपाल्चोक | २५२३०० |
| काभ्रे | ० |
| भक्तपुर | ७१७७०० |
| ललितपुर | २०५४ |
| काठमाण्डौ | ० |
| रसुवा | १६३७०० |
| नुवाकोट | ######## |
| धादिङ | १२२४६०० |
| चितवन | २३२४ |
| मकवापुर | १५०५ |

| कार्यालय | वाणिज्य प्रशासन |
|---|---|
| मकवानपुर | ५०३९.४१ |
| चितवन | २३८५.८८ |
| धादिङ्ग | १८६५१३० |
| नुवाकोट | ######## |
| रसुवा | २१०५५० |
| काठमाण्डौ | ० |
| भक्तपुर | ६१७८५०० |
| ललितपुर | २००८८०० |
| काभ्रेपलाञ्चोक | २८२२६७५ |
| सिन्धुपाल्चोक | १०६३१०० |
| दोलखा | ८३२३२५ |
| रामेछाप | ६९०६७५ |
| सिन्धुली | १४६४८६५ |

अधिकृत सातौं

महाशाखा प्रमुख

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल